नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## मिति २०८१/११/२८ गते गरिएको संयुक्त निरीक्षण अनुगमन सम्वन्धी प्रेस नोट

खाद्य प्रविधि तथा गुण नियमन्त्रण विभागको Rapid Response Team (RRT) ले काठमाण्डौ उपत्यका अपराध अनुसन्धान कार्यालय, जिल्ला प्रशासन कार्यालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा स्थानिय निकायका प्रतिनिधिहरु सहितको उपस्थितिमा मिति २०८१/११/२८ गते संयुक्त निरीक्षण अनुगमन गरिएको थियो। सो संयुक्त निरीक्षण अनुगमनले काठमाण्डौ जिल्लाको तारकेश्वर-९, नागार्जुन -७ र नागार्जुन -४ मा रहेका निम्न खाद्य व्यवसायको गोदामको स्थलगत निरीक्षण अनुगमन गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम कारवाही गरेको व्यहोरा सबैमा जानकारीका लागि यो प्रेस नोट जारी गरिएको छ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका महानिर्देशक श्री संजीव कुमार कर्णलाई मिति २०८१/११/२७ गते राती खाद्य स्वच्छता तथा गुणस्तरका विषयमा उक्त गुनासो प्राप्त भए लगतै महानिर्देशकले विभागको Rapid Response Team (RRT) खटाई संयुक्त निरीक्षण अनुगमन तथा ऐन बमोजिम कारवाही गर्ने कार्य गरिएको छ।

संयुक्त निरीक्षण अनुगमनका क्रममा देवकोटा चिउरा तथा चामल मिल, तारकेश्वर-९, काठमाण्डौले खाद्य अनुमतिपत्र नलिई सादा पहेलो बोरामा टाइचिन चामल प्याकिङ्ग गरिएको साथै अन्य फर्म वा कम्पनीको ब्राण्ड र नाममा प्याकिङ्ग तथा बिक्री वितरण गर्ने गरेको पाइएको थियो। उक्त व्यवसायको भण्डारण कक्षमा खालि बोरा, लेवलिङ्ग र शिलिङ्ग मेशिन तथा थकाली, नेवारी, गुडलक जस्ता विभिन्न ब्राण्डका २,५१६ वोरा चामल र १,०४३ वोरा चिउरा पाइएकोमा सो चामल तथा चिउरा सिलबन्दी गरिएको छ। निरीक्षण अनुगमनका क्रममा थप अनुसन्धानका लागि ऐन नियम बमोजिम ४ थान चामल र एक थान चिउराको नमूना संकलन गरिएको छ। उक्त संकलित नमूनाहरु विश्लेषण परिक्षणका लागि प्रयोगशालामा पठाईएको छ। सो व्यवसायीलाई खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम कारवाहीका लागि प्रकृया अगाडी बढाइएको छ।

यसैगरी हलेसी फूड्स खाद्य उद्योग प्रा. लि., नागार्जुन -७, काठमाण्डौले समेत खाद्य अनुमतिपत्र नलिई विभिन्न ब्राण्डका चामल खरिद गरी अन्य फर्म वा कम्पनीको ब्राण्ड र नाममा प्याकिङ्ग तथा बिक्री वितरण गर्ने गरेको पाइएको थियो। उक्त व्यवसायको गोदाममा खालि बोरा, लेवलिङ्ग र शिलिङ्ग मेशिनका साथै विभिन्न ब्राण्डका १,६४६ वोरा चामल पाइएकोमा सो चामल सिलबन्दी गरिएको छ। थप अनुसन्धानका लागि ऐन नियम बमोजिम एक थान नमूना संकलन गरिएको छ। उक्त संकलित नमूना विश्लेषण परिक्षणका लागि प्रयोगशालामा पठाईएको छ। सो व्यवसायीलाई खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम कारवाहीका लागि प्रकृया अगाडी बढाइएको छ।

उक्त निरीक्षण अनुगमनका क्रममा गढीमाई प्याकेजिङ्ग उद्योग, नागार्जुन -४, काठमाण्डौले पनि खाद्य अनुमतिपत्र नलिई विभिन्न ब्राण्डका चामल खरिद गरी अन्य फर्म वा कम्पनीको ब्राण्ड र नाममा प्याकिङ्ग तथा बिक्री वितरण गर्ने गरेको पाइएको थियो। सो व्यवसायको गोदाममा विभिन्न ब्राण्डका ७७,८५० के. जी. चामल रहेकोमा सो चामल सिलबन्दी गरिएको छ। उक्त संयुक्त निरीक्षण अनुगमनमा थप अनुसन्धानका लागि ऐन नियम बमोजिम एक थान नमूना संकलन गरिएको छ। उक्त संकलित नमूना विश्लेषण परिक्षणका लागि प्रयोगशालामा पठाईएको छ। सो व्यवसायीलाई पनि खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम कारवाहीका लागि प्रकृया अगाडी बढाइएको छ।

उपरोक्त तीन वटै खाद्य व्यवसायलाई खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम कारवाहीका लागि प्रकृया अगाडि वढाइएको व्यहोरा जानकारी गराइन्छ। उक्त ऐन बमोजिम निषेधित कार्यहरु नगर्न नगराउनु हुन तथा अनुमतीपत्र लिएर मात्र खाद्य व्यवसाय संचालन गर्न गराउन हुन उद्योगी व्यवसायीलाई सूचित गराइन्छ। अन्यथा ऐन बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।

मोहन कृष्ण महर्जन
प्रवक्ता
२०८१/१२/०१